आज मिति २०७९ साल पुष महिनाको १२ गते मंगलबारको दिन पालुङटार नगरपालिकाको नगर प्रमुख श्री विवश चिन्तन ज्युको अध्यक्षतामा बसेको पालुङटार नगरपालिका, गोरखा र राईनास नगरपालिका, लमजुङको संमन्वय बैठकमा निम्न व्यक्तिहरुको उपस्थितिमा निम्न प्रस्तावमा छलफल भइ निम्न निर्णय गरियो ।

उपस्थिति

श्री विवश चिन्तन अध्यक्ष (नगर प्रमुख पालुङटार न.पा )

श्री खड्ग बहादुर गुरुङ नगर प्रमुख राईनास न.पा

श्री पुष्पराज खनाल नगर उपप्रमुख राईनास न.पा

श्री बन्दना पाण्डे नगर उपप्रमुख पालुङटार न.पा

श्री गोकर्णराज सुयल प्र .प्र. अ राईनास न.पा

श्री गौतम भण्डारी प्र.प्र.अ पालुङटार न.पा

श्री रविन्द अधिकारी वडा अध्यक्ष ३ नं वडा पालुङटार न. पा

श्री बालसिहं गुरुङ सचिव नगर प्रमुख सचिवालय ~~म~~रा.न.पा

श्री अशोक मरहट्टा सचिव नगर प्रमुख सचिवालय पा.न.पा

श्री धनेन्द्र श्रेष्ठ कर्मचारी पालुङटार नगरपालिका

प्रस्तावहरु

१. अन्तरपालिका साझेदारी सम्वन्धमा ।

२. चेप नदिको संरक्षण र उपयोगिता सम्वन्धमा ।

३. नगरपालिकाले गरेको असल अभ्यास सियरिङ गर्ने सम्वन्धमा ।

४. दिर्घकालिन पुर्वाधार विकास गर्ने सम्वन्धमा ।

५. विविध

निर्णयहरु

१. प्रस्ताव नं १ मा छलफल गर्दा दुइ नगरपालिकाको साझा विकासका विविध आयामहरुमा साझेदारी गर्न सक्ने सम्भावनाहरुमा छलफल गरियो ।

२. प्रस्ताव नं २ मा छलफल गर्दा दुई नगरपालिकाको सिमानाको रुपमा रहेको चेपे नदिको संरक्षण गरि जलिय जैविक विविधता संरक्षण गर्नेको लागि उक्त नदिमा हुने गरेको अप्राकृति रुपमा विद्युतिय करेन्ट तथा विष प्रयोग गरि माछा लगायत जलचर प्राणीहरु मास्ने गतिविधिहरुको नियन्त्रण गर्न आवश्यक उपाय अवलम्वन गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं ३ मा छलफल गर्दा दुइ नगरपालिकामा भएका असल अभ्यासहरुको बारेमा छलफल भयो तथा एक अर्को पालिकामा शुरुवात भएको असल अभ्यासको अनुकरण गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं ४ मा चेपे नदिमा ड्याम निर्माण गरि बहुउदेश्यिय वृहत जलासयका लागि सम्भाव्यता अध्ययन गर्ने तथा सरोकारवालाहरुसँग छलफल वहस शुरुवात गर्ने निर्णय गरियो । साथै दुई नगरपालिकाको साझा चासोको रुपमा रहेको पर्यटकिय क्षेत्रहरु पालुङटार नगरपालिकाको लिगलिगकोट तथा राईनस नगरपालिकाको राईनस कोट जोड्ने पदमार्ग निर्माण र चेपे करिडोर विकासको सम्भाव्यता अध्यायन गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं ५ मा छलफल गर्दा दुई पालिकाले साझा फाइदाका लागि संयुक्त घाट संचालनार्थ चक्रतिर्थ धामको विकास र ल्यादफिड साइडको अध्यायन गर्ने सम्वन्धमा छलफल भयो ।